


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

कोरोनाकालको चाडबाड: सकेसम्म नगरौं भेटघाट भाइरसबाट जोगिएर मनाऔंला अर्को साल।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ १९ गते शनिबार ❑ 4 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## महाधिवेशन सफल बनाउन प्रधानमन्त्री देउवाको आह्वान

**रासस**
**काठमाडौं, १८ भदौ**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको १४ औं महाधिवेशनलाई एकताबद्ध भएर सम्पन्न गर्न आह्वान गर्नुभएको छ।



भक्तपुरको सूर्यविनायक नगरपालिका-५, कटुञ्जेमा आयोजित वडा अधिवेशनको आज उद्घाटन गर्दै उहाँले पार्टीको महाधिवेशनले आन्तरिक लोकतन्त्रलाई बलियो बनाउने बताउनुभयो । सभापति देउवाले अधिवेशनमा सर्वसम्मत नेतृत्व चयन गरेर पार्टीमा एकताको सन्देश दिन आग्रह गर्दै महाधिवेशन पार्टीलाई एकतावद्ध बनाएर लैजाने र आगामी कार्यकालको लागि कार्यनीति र नेतृत्व चयन गर्ने थलो हो भन्नुभयो। उहाँले कांग्रेसको वैधानिकता जोगाउनका लागि कोरोना भाइरस सङ्क्रमण जोखिमका बीच महाधिवेशन गर्नुपरेको उल्लेख गर्दै महाधिवेशनलाई सफल बनाउन स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी अधिवेशनमा सहभागी हुन सबैमा आह्वान गर्नुभयो।

नेकपा एमालेका एक नेताले भक्तपुरमा चुनाव लड्न गरेको चुनौतीको जवाफदिँदैं प्रधानमन्त्री देउवाले आफूसँग नभई जिल्ला सभापति दुलर्भ थापालाई निर्वाचनमा हराएर देखाउन चुनौती पनि दिनुभयो । प्रधानमन्त्री देउवाले आगामी चुनावमा कांग्रेसको उपस्थिति बलियो रहने बताउँदै भक्तपुरमा पार्टी बलियो अवस्थामा रहेको बताउनुभयो । उहाँले पार्टीले महाधिवेशनको प्रक्रिया सुरुआत भएको भन्दै लोकतान्त्रिक पद्धतिबाट नेतृत्व चयन गरी पार्टीलाई थप सशक्त ढङ्गले अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

कांग्रेसका केन्द्रीय सदस्य आनन्दप्रसाद ढुङ्गानाले कांग्रेसको महाधिवेशन वडास्तरबाट सुरु भइसकेको बताउँदै यसलाई सफल पार्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "कांग्रेस मुलुकको जेठो र लोकतान्त्रिक पार्टी हो । कांग्रेसको महाधिवेशनको सफलताले मुलुकको लोकतन्त्रको भविष्य पनि जोडिएको छ ।" कांग्रेसका जिल्ला सभापति दुर्लभ थापाले गुण्डागर्दीबाट चुनाव जित्ने सपना नदेख्न भन्दै भक्तपुरमा अब कांग्रेसलाई कसैले हराउन नसक्ने दाबी गर्नुभयो। उहाँले अबको स्थानीय तहदेखि सङ्घीय निर्वाचनसम्ममा कांग्रेस विजय सुनिश्चित रहेको बताउनुभयो।

कार्यक्रम कांग्रेसका वडासभापति राजु ढुङ्गेलको सभापतित्वमा सम्पन्न भएको थियो । भक्तपुरको चारवटै नगरपालिकाका ३८ वटा वडामा वडा अधिवेशन शुरु भएको बताउँदै थापाले जिल्लाका करिब ५० प्रतिशत वडामा नेतृत्व चयनमा सर्वसहमति गरिसकेको र बाँकीमा पनि प्रयास भइरहेको बताउनुभयो।

## राहत र उद्धारमा कुनै कसर बाँकी नराख्न मुख्यमन्त्रीद्वारा निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पछिल्लो समय बाढी पहिराले बढी क्षति पुऱ्याएको कास्की, पर्वतसहितका जिल्लामा उद्धार र राहतमा कुनै कसर बाँकी नराख्न जिल्ला र स्थानीय तहका विपद् व्यवस्थापन समितिलाई निर्देशन दिनुभएको छ।



प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको आज बसेको आकस्मिक बैठकमा उहाँले बाढी पहिरामा परेकालाई उद्धार र राहत कार्यमा सक्रियतापूर्वक लाग्न सुरक्षा निकायका प्रमुख, मन्त्रालयका सचिव र मातहतका सबै निकायलाई निर्देशन दिनुभएको हो । उहाँले विपद् व्यवस्थापनको काम तीनै तहका सरकारको समन्वयमा हुने भएकाले पीडितले महसुस गर्ने गरी काम गर्न सम्बन्धित सबै पक्षलाई आग्रह गर्नुभयो।

प्रदेश सरकारले विपद्मा निधन र बेपत्ता भएका परिवारलाई प्रतिव्यक्ति रु एक लाख सहयोग दिने गरी कार्यविधि बनाएको छ। यसैगरी खाद्यान्नका लागि रु १५ हजार, अस्थायी आवासका लागि रु २५ हजार र उपचार खर्च रु ५० हजारसम्म प्रदेश सरकारले दिन सक्ने कार्यविधिमा उल्लेख छ। सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाटै राहत वितरणको काम हुने र त्यसका लागि प्रदेश सरकारबाट रकमसमेत पठाइसकेको बताइएको छ । मुख्यमन्त्री पोखरेलले पीडित र पीडितको परिवारबाट लगातार गुनासो आउँदा कतै उनीहरूले राहत नपाएको हो कि भन्ने अनुभूति भएको बताउनुभयो । उहाँले भन्नुभयो, "विपद्मा परेकालाई तत्काल सम्बोधन गर्न सकिएन भने त्यसको अर्थ रहँदैन, त्यसैले ढिलासुस्ती गर्ने छुट छैन।" मुख्यमन्त्री पोखरेलले जिल्ला प्रशासनबाट राहत रकम वितरणको रेकर्ड पनि नियमितरूपमा लिन प्रमुख सचिवलाई निर्देशन पनि दिनुभयो। उहाँले पहिराले सडकमा क्षति पुऱ्याएर यातायात बन्द भएको ठाउँमा तत्काल डोजर पठाएर सडक खुलाउन पनि भौतिक पूर्वाधार सचिवलाई निर्देशन दिनुभयो। बाढी पहिरामा परेर बिहीबार र शुक्रबार मात्रै कास्की र पर्वतमा ११ जनाको मृत्यु भएको छ । असारयता मात्रै बाढी पहिरामा गण्डकीमा २७ जनाले ज्यान गुमाएका छन् भने आठ जना बेपत्ता भएका छन्।

यसैगरी बैठकले बाढी पहिरामा परी निधन भएकाप्रति दुःख व्यक्त गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जलि र उनका आफन्तप्रति समवेदना व्यक्त गरेको छ। बेपत्ताको खोजी जारी राख्ने निर्णय पनि बैठकले गरेको प्रमुख सचिव डा दामोदर रेग्मीले बताउनुभयो। उहाँले घाइतेको उपचार भइरहेको, बाटो नभएर खाद्यान्न नपुगेका स्थानमा हेलिकप्टरबाटै भए पनि खाद्यान्न लैजाने काम भइरहेको जानकारी दिनुभयो।

## पहिराले पुरिएर पाँचको मृत्यु, तीन बेपत्ता

**पोखरापत्र संवाददाता**
**पर्वत, १८ भदौ**

यहाँका विभिन्न ठाउँमा पहिराले पुरिँदा पाँच जनाको मृत्यु भएको छ भने तीन जना पुरिएर बेपत्ता भएका छन्।

गए रातिको भीषण वर्षापछि पहिरो जाँदा कुश्मा नगरपालिका-३ दुर्लुङमा पाँच जना पुरिएकामा दुई मृतावस्थामा फेला परेका छन्।

पहिरामा पुरिएका एकै घरका पाँच जनामध्ये १५ वर्षीया विमला पौडेल र ११ वर्षीया विनिता पौडेलको शव निकालिएको छ । घरका तीन बेपत्ता रहेको हुनाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शिवराज बुढाथोकीले जानकारी दिनुभयो । यस्तै कुश्मा नगरपालिका-११ पकुवामा पहिरामा पुरिएका ३५ वर्षीया दुर्गा पौडेल र उनका छ वर्षीय छोरा गणेशको शव फेला परेको प्रहरी नायब उपरीक्षक बुढाथोकीले जानकारी दिनुभयो। यस्तै मोदीगाउँपालिका-५ अम्बोटमा पहिरामा पुरिएर ५० वर्षीया ठुलीमाया थापाको मृत्यु भएको छ । जिल्लाका अन्य स्थानमा पनि भीषण वर्षाका कारण क्षति भएको अनुमान गरिए पनि अहिलेसम्म पूर्ण विवरण नआएको प्रहरीले जनाएको छ।

## १,७५६ मा संक्रमण, २३ को निधन

**रासस**
**काठमाडौं, १८ भदौ**

देशभर शुक्रबार एक हजार ७५६ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार २४ घण्टामा १४ हजार ३३४ जनामा परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो । सक्रिय संक्रमितको संख्या ३३ हजार छ पुगेको छ।

शुक्रबार दुई हजार २७४ जना संक्रमण मुक्त भएका छन्। हालसम्म सात लाख २३ हजार ४५६ जना संक्रमण मुक्त भएका छन् । बिहीबारको तुलनामा निको हुने दर शुक्रबार पनि बढेको छ । लगातार दुई दिनदेखि संक्रमण मुक्त हुने दर बढेको छ। बुधबार ९४.१ प्रतिशत र बिहीबार ९४.२ प्रतिशत संक्रमण मुक्त हुने दर रहेकामा शुक्रबार ९४.३ प्रतिशत पुगेको छ । यस्तै संक्रमणबाट विगत २४ घण्टामा २३ जनाको ज्यान गएको छ। हालसम्म १० हजार ८०९ जनाको संक्रमणबाट ज्यान गएको छ। नेपालमा प्रति १० लाखमा ३६४.३ जनाको संक्रमणको कारणले निधन हुने गरेको छ। त्यस्तै ५४० सघन उपचारकक्ष (आइसीयू), १५६ भेन्टिलेटर, ३० हजार ६६२ होमआइसोलेशन, दुई हजार ३४४ संस्थागत आइसोलेशन र २७४ जना क्वारेन्टिनमा छन् । नेपालमा संक्रमणको दर १९.५ प्रतिशत छ।

## क्षमता र क्रियाशिलताका आधारमा कुशल नेतृत्व चयन गरौं : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ भदौ**

गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकुमार थापाले क्षमता र त्रियाशिलताका आधारमा कुशल नेतृत्व चयन गर्न आग्रह गर्नुभएको छ।




नेपाली काँग्रेसको १४ औं महाधिवेशन अन्तर्गत शुक्रबार पोखरा महानगरपालिका वडा नं ८ को वडा अधिवेशनको उद्धाटन सत्रलाई सम्बोधन गर्दै मन्त्री थापाले हाम्रालाई भन्दा राम्रालाई नेतृत्व सुम्पिनुपर्ने आवश्यकता रहेको बताउनुभयो। २०७४ सालको निर्वाचनमा क्षेत्र नं २ बाट प्रत्यक्ष सांसदको रुपमा विजयी हुँदा आफ्नो वडाको भूमिका महत्वपूर्ण रहेको मन्त्री थापाले बताउनुभयो। उहाँले उक्त जित सम्पूर्ण नेपाली काँग्रेसको जित भएको उल्लेख गर्नुभयो । मन्त्री थापाले वडा ८ मा काँग्रेसलाई बलियो बनाउनुपर्ने आवश्यकतालाई औंल्याउनुभएको छ। उहाँलेसबैमिलेरमात्रसमस्याकोसमाधान गर्न सकिने बताउनुभयो । 'पार्टीमा आबद्ध भई राजनीति गर्दा धैर्यताको आवश्यकता पर्छ । नेपाली कांग्रेसको विधान र नेपालको संविधानले धेरै अवसरहरु सिर्जना गरेको छ। अबको स्थानीय निर्वाचनमा काँग्रेसलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## देशभर कांग्रेस वडा अधिवेशनको चहलपहल

**रासस**
**काठमाडौं, १८ भदौ**

नेपाली कांग्रेसको आसन्न १४औँ महाधिवेशनअन्तर्गत शुक्रबारदेखि गाउँ/नगर वडा अधिवेशन प्रारम्भ भएको छ । कांग्रेस क्रियाशील सदस्यता नामावली प्रकाशित भइसकेका ५६ जिल्लामध्ये अधिकांश जिल्लामा आज वडा अधिवेशन सुरु भएको कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ।

कांग्रेसको प्रारम्भिक तहको वडा अधिवेशनमा पार्टीका नेताकार्यकर्ता आफ्ना जिल्ला तथा वडामा चुनावी माहोलमा केन्द्रित भएका छन् । कतिपय वडाहरूमा सहमतिका साथ वडाको नेतृत्व चयन गरिएको छ भने कतिपय वडाहरूमा निर्वाचन प्रक्रिया भइरहेको समितिले जनाएको छ तर कति वडाहरूमा आज निर्वाचन सम्पन्न भयो भन्ने तथ्याङ्क साँझसम्म मात्र उपलब्ध हुनेछ । कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले क्रियाशील सदस्यता नामावली प्रकाशन हुन बाँकी २१ जिल्लाको नामावली पनि क्रमशः प्रकाशित हुँदै जाने र यही भदौ २७ गते निर्धारित गाउँ/नगरपालिका अधिवेशनसम्म सबै वडाको अधिवेशन सम्पन्न हुने जानकारी दिनुभयो । करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन्। क्रियाशील सदस्यले आफ्नो वडाको वडासमिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्छन् । वडा अधिवेशनले आफूमध्येबाट सभापति एक, उपसभापति दुई, सचिव दुई र सहसचिव दुईगरी सात पदाधिकारी निर्वाचित गर्ने कांग्रेसको विधानमा व्यवस्था छ। यसबाहेक मतदाता सङ्ख्याको अनुपातका आधारमा वडा सदस्य र क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन्।

मुलुकभरका सबै छ हजार सात सय ४३ वडामा अधिवेशन सम्पन्न हुँदा ४७ हजार दुई सय एक पदाधिकारी र सदस्य एक लाख २१ हजार ६ सय ८१ निर्वाचित हुने समितिका संयोजक महादेवप्रसाद यादवले जानकारी दिनुभयो । यसबाहेक मनोनीत हुनेको सङ्ख्या थप रहेको छ। त्यस्तै देशभरका वडाबाट एक लाख १४ हजार पाँच सय ७५ क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन्। महाधिवेशनअन्तर्गतगाउँ/नगरवडा अधिवेशन आज भदौ १८, गाउँ/नगरपालिका अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकिएको छ।

यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १०, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ।

मुलुक सङ्घीय संरचनामा गइसकेपछि पार्टीको तल्लो तहसम्म निर्वाचनमार्फत आन्तरिक प्रजातन्त्रको अभ्यास गर्ने कांग्रेस पहिलो पार्टी बनेको छ । यसअघि कांग्रेसको १३औँ महाधिवशेन २०७२ साल फागुनमा सम्पन्न भएको थियो।

यसै गरी वडा अधिवेशनका अवसरमा आज कांग्रेस नेताहरूले विभिन्न सन्देश जारी गर्दै शुभकामना दिनुभएको छ । प्रधानमन्त्री एवं कांग्रेसका सभापति शेरबहादुर देउवाले भिडियो सन्देश जारी गरी पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धा लोकतन्त्रको सौन्दर्य भएको बताउँदै स्वस्थ प्रतिस्पर्धाले पार्टीको समग्र सङ्गठनको जग मजबुत बनाउँदै जनजनमा लोकतन्त्रको रक्तसञ्चार गर्ने उल्लेख गर्नुभएको छ।

लोकतन्त्रको पर्यायका रूपमा रहेको पार्टी कांग्रेसले लोकतान्त्रिक अभ्यासमा आफूलाई सधैँ अग्रणी साबित गर्दै आएको उल्लेख गर्दै उहाँले नेपालका हरेक राजनीतिक आन्दोलनको नेतृत्व गर्दै पार्टीभित्रको आन्तरिक लोकतन्त्रमा पनि कांग्रेस सधैँ अगाडि रहेको बताउनुभएको छ। प्रधानमन्त्री एवं पार्टी सभापति देउवाले संवैधानिक बाध्यताअनुसार कोरोना महामारीकै बीच सुरु गर्नु परेको महाधिवेशनमा सामाजिक दूरी कायम गरी सहभागी हुन अनुरोधसमेत गर्नुभएको छ।

यस्तै वरिष्ठ नेता रामचन्द्र पौडेलले विज्ञप्तिमार्फत कोरोनाको महामारी र वर्षाको विषम परिस्थितिमा हुन लागेको महाधिवेशनलाई सफल बनाउन सबै लाग्नुपर्ने बताउनुभएको छ । लोकतन्त्रलाई संस्थागत गर्दै मुलुकको आर्थिक समृद्धिका लागि कांग्रेसभित्र सबल नेतृत्व आवश्यक रहेको भन्दै उहाँले आत्माको पुकार सुनेर निर्णय गर्न आम नेता तथा कार्यकतालाई आग्रहसमेत गर्नुभएको छ। महामन्त्री डा शशाङ्क कोइरालाले पार्टीको वडा

बाँकी अन्तिम पृष्ठमा ▶▶



# यस बर्षको सहारा खेलकुद पत्रकारिता पुरस्कार परियारलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ भदौ**

यस बर्षको सहारा खेलकुद पत्रकारिता पुरस्कारबाट दीपक परियार पुरस्कृत हुने भएका छन् । सहारा क्लवले प्रदान गर्ने उक्त पुरस्कार कान्तिपुर राष्ट्रिय दैनिकमा आवद्ध परियारलाई क्लवको २३ औं बार्षिकोत्सवको अवसरमा यही भदौं ३० गते प्रदान गरिने भएको सहारा क्लवले जनाएको छ ।

उक्त पुरस्कारको राषि २० हजार ५ सय ५५ रहेको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताए । क्लवका अध्यक्ष केशवबहादुर थापाको अध्यक्षतामा आज बजेको बैठकले प्रतिभा छनौट समितिले दिएको सिफारिसलाई अनुमोदन गरेको हो । क्लवका सल्लाहकार नारायण कार्कीको संयोजकत्वमा गठित प्रतिभा छनौट समितिले परियारलाई यस बर्षको लागि उत्कृष्ट खेल पत्रकारको रुपमा सिफारिस गरेको थियो । पोखरा ३२ घर भएका परियार विगत २०६४ साल देखि पत्रकारिता गर्दै आएका छन् । उनले जनदिशा दैनिक, गोर्खापत्र राष्ट्रिय दैनिक, गण्डकी खबर (सम्पादक), समाधान दैनिक, अन्नपूर्ण पोष्ट दैनिक हुदै हाल कान्तिपुर दैनिकमा आबद्ध भएका छन् ।



पत्रकार परियार मिना सृजनशिल पत्रकारिता पुरस्कार, बाबा आनन्द सञ्चार पुरस्कार लगायतका पुरस्कारबाट सम्मानित भएका छन्। प्रतिभा छनौट समितिको अन्य सदस्यहरुमा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एकराज गिरी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानिया, क्लवका मानार्थ सदस्य खेमबहादुर गुरुङ, अध्यक्ष केशव बहादुर थापा र महासचिव रामजी प्रसाद अधिकारी रहेका थिए । क्लवका अध्यक्ष र महासचिव पदेन सदस्य रहने व्यबस्था रहेको छ ।

खेलकुद पत्रकारितालाई प्रथामिकता दिएर समाचार प्रकाशन एवं प्रशारणमा योगदान पुऱ्याउने एक जना खेल पत्रकारलाई क्लबले हरेक बर्ष आफ्नो बाषिकोत्सवमा सम्मान गर्दै आएको छ । उक्त पुरस्कारबाट यसअघि, कुलचन्द्र न्यौपाने, धन बस्नेत, विनोद लामिछाने, राम गुरुङ, प्रेमनारायण न्यौपाने, दीननाथ बराल, प्रदिप पौडेल, एकराज गिरी, सागरराज तिमिल्सिना, कृष्णमणि बराल, एमबी आस्था, सुरज श्रेष्ठ, विजय नेपाल, सन्देस श्रेष्ठ, इन्द्र पौडेल सम्मानित भइसकेका छन् ।

# देशभर ...

तहदेखि नै पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धालाई मित्रवत् बनाउँदै आपसी एकता र विश्वासमा आधारित कांग्रेसको आगामी गति र परिचालनले मुलुकको भाग्य र भविष्य कोर्नुपर्ने बताउनुभएको छ । उहाँले वडा तहदेखि अधिवेशनको प्रक्रिया आरम्भ भएर केन्द्रीय महाधिवेशनसम्म एउटा आकर्षक साङ्गठनिक पिरामिड निर्माण हुने गौरवशाली वैधानिक परम्पराको श्रीगणेश भएको उल्लेख गर्नुभएको छ। अर्का महामन्त्री पूर्णबहादुर खड्काले पार्टीको वडादेखि पालिका, प्रदेशसभा, प्रतिनिधिसभा, जिल्ला, प्रादेशिक र केन्द्रीय कार्यसमिति तहसम्म लोकतान्त्रिक प्रक्रियामार्फत पार्टीका सबै तहको संरचनामा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने कांग्रेस पहिलो पार्टी बन्न लागेको बताउनुभएको छ ।

पूर्वमहामन्त्री प्रकाशमान सिंहले कांग्रेस सङ्गठनको मेरुदण्ड भनेकै वडा, क्षेत्र र जिल्ला भएको भन्दै वडामा सक्षम र सशक्त नेतृत्व चयन गर्नुपर्ने बताउनुभयो । उहाँले लोकतान्त्रिक विधि, प्रक्रिया र स्वस्थ प्रतिस्पर्धाबाट वडा अधिवेशनले सक्षम र सबल नेतृत्व चयन गरोस् भन्ने शुभकामना व्यक्त गर्नुभएको छ ।

नेता डा शेखर कोइरालाले कांग्रेसलाई विश्वसनीय र भरोसायुक्त पार्टी बनाउनका महाधिवेशनले सहयोग पुग्ने र आन्तरिक लोकतन्त्रलाई सबल बनाउँदै पार्टीभित्र ताजा अक्सिजनको सञ्चार हुने बताउनुभएको छ । उहाँले पार्टीको १४औं महाधिवेशन उत्सवका रूपमा आएको भन्दै निर्वाचनको माध्यमबाट पार्टीको नयाँ नेतृत्व र प्रतिनिधि चयन गर्दै आन्तरिक लोकतन्त्रलाई मजबुत बनाउने विश्वास व्यक्त गर्नुभएको छ ।

कांग्रेसका केन्द्रीय सदस्य एवं गृहमन्त्री बालकृष्ण खाणले महाधिवेशनले आपसी सद्भाव र सहकार्यबाट नेपाली राजनीतिलाई अगाडि बढाउने विश्वास आफूले लिएको बताउँदै वडा तहको नेतृत्वमा आउने नेताहरू मुलुकको राष्ट्रियता र स्वाधीनता, सङ्घीयता र गणतन्त्रलाई बलियो बनाउने गरी अगाडि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ ।

मुलुकको वर्तमान अवस्थालाई समेत हृदयङ्गम गरी कांग्रेसको आवश्यकता, मुलुकको राष्ट्रियता, सङ्घीयता, गणतन्त्रजस्ता अतिआवश्यक विषयलाई दृष्टिगत गर्दै अगाडि बढ्नुहुनेछ भन्ने विश्वासका साथ उहाँले पार्टीको वडा तहको नेतृत्वमा आउन प्रयासरत सबैलाई शुभकामना दिनुभएको छ ।

# पोखरा-सिमरा उडान : दुई प्रदेशका सम्भावनालाई उजागर गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ भदौ**

बुधबारदेखि बुद्ध एयरले सुरु गरेको पोखरा-सिमरा सिधा हवाई उडानसँगै नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल्स (नाट्टा) गण्डकी प्रदेश र नाट्टा प्रदेश नं २ को संयोजनमा आयोजित आन्तरिक पर्यटन पुनरुत्थान कार्यक्रम शुक्रदेखि सकिएको छ।



प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलसहित पर्यटन सम्बद्ध सङ्घसंस्थाका प्रतिनिधिको टोलीले प्रदेश नं २ का विभिन्न स्थलको अवलोकन भ्रमणसहित सरोकारवालासँग छलफल र अन्तरक्रिया सम्पन्न गरेको शुक्रबार सिमरामा आयोजित पत्रकार सम्मेलनमा कार्यक्रम संयोजक एवं नाट्टा गण्डकी प्रदेशका प्रथम उपाध्यक्ष हरिराम अधिकारीले बताउनुभयो । पत्रकार सम्मेलनमा गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री कँडेलले पोखरा-सिमरा सिधा हवाई उडानले आर्थिक नगरी र पर्यटकीय नगरीबीचको सम्बन्धलाई जोडेको बताउनुभयो । पर्यटनको विकासका लागि सरकारका तर्फबाट नीतिगत व्यवस्थाका लागि आफूले पहल गर्ने विश्वास व्यक्त गर्दै उहाँले सरकार निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्ने बताउनुभयो ।

पर्यटन व्यवसायी इच्छाबहादुर वाग्लेले निजी क्षेत्रको लगानीलाई सरकारले प्रोत्साहन गर्नुपर्नेमा जोड दिँदै पोखरा-सिमरा सिधा उडानलाई सुलभका साथै दीगो बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराईले कोरोना प्रभावित पर्यटनलाई बचाउने गरी काम गर्न सरकारलाई आग्रह गर्दै सुरक्षा मापदण्ड कायम गर्दै तत्काल सीमा नाका पर्यटक आवागमन हुने गरी खोल्नुपर्ने बताउनुभयो ।

नाट्टा सेन्टरका अध्यक्ष अच्युत गुरागाईँले आन्तरिक पर्यटनका साथै भारतीय पर्यटकलाई अधिकतम भित्र्याउने वातावरण तयार गर्नुपर्नेमा जोड दिनुभयो। उक्त अवसरमा मन्त्री कँडेलले प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश नं २ का मुख्यमन्त्रीलाई गण्डकी प्रदेश भ्रमणका लागि पठाउनुभएको निम्तो नाट्टा प्रदेश नं २ मार्फत हस्तान्तरण गर्नुभयो । त्यस्तै नाट्टा गण्डकी प्रदेशका तर्फबाट नाट्टा प्रदेश नं २ लाई पर्यटन व्यवसायी, स्थानीय तहका प्रतिनिधिसहित पोखरा भ्रमणका लागि निमन्त्रणा दिइयो । नाट्टा गण्डकी प्रदेशका महासचिव कमला गिरीले तीन दिने अवलोकन भ्रमण एवं अन्तरक्रिया प्रभावकारीरूपमा सफल बनेको बताउँदै आगामी दिनमा दुवै प्रदेशबीचको पर्यटकीय साझेदारी बढेर जाने विश्वास व्यक्त गर्नुभयो । मन्त्री कँडेलसहितको टोली आजै सिमराबाट हवाई उडानमार्फत पोखरा फर्किएको छ।

# खोलाले बगाएकाको उद्धार

**पोखरापत्र संवाददाता**
**दमौली, १८ भदौ**

तनहुँको भिमाद नगरपालिका-६ स्थित मालेबगरमा खोलाले बगाएका छ जनालाई शुक्रबार सकुशल उद्धार गरिएको छ।

घिरिङबाट भिमादतर्फ आउँदै गरेको ग१च ५१९० नम्बरको बोलेरो जिप खोला तर्ने क्रममा बगाएपछि त्यहाँ रहेका सबैलाई प्रहरीले उद्धार गरेको थियो । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाका अनुसार एक महिला, चार पुरुष र एक बालक जिपमा सवार थिए । घटनामा मानवीय क्षति नभए पनि जिप भने खोलामा डुबेको अवस्थामा रहेको उहाँको भनाइ थियो ।

बिहीबार रातिदेखि पानी परेकाले खोला बढेको अवस्थामा जिप पार हुन लाग्दा बगाएको खबर पाएपछि भिमादस्थित इलाका प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक सुरज सदाशङ्करको नेतृत्वमा सात प्रहरी टोली घटनास्थल पुगेको थियो ।

# क्षमता ...

जिताउने गरी काम गर्न सक्ने नेतृत्वको आवश्यकता छ ।', उहाँले भन्नुभयो । मन्त्री थापाले आफुले कांग्रेसको शिर उचो राख्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

नागरिकका समस्यासँग सँग नजिक रहेर त्यसको समाधान तर्फ अग्रसर रहने उहाँले बताउनुभयो । पार्टीको आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन महाधिवेशन महत्वपूर्ण भएको मन्त्री थापाको भनाई छ। उहाँले युवा नेतृत्वलाई प्राथमिकतामा राखि अधिवेशन सम्पन्न गर्नुपर्ने धारणा प्रस्तुत गर्नुभयो । हरेक सदस्यको क्षमता पार्टीको सम्पत्ति भएको उल्लेख गर्दै मन्त्री थापाले साँघुरो मन नगरी वडा अधिवेशनलाई सफल पार्न सम्पूर्ण कार्यकर्तालाई आग्रह गर्नुभएको छ । 'इमानदार र निष्ठाको राजनीतिमा काँग्रेस सँधै अग्रसर छ। काँग्रेसमा अझै पनि जनताले विश्वास गरेका छन्। त्यसैले जनताको विश्वासलाई टुट्न नदिने गरी वडामा काम गर्न सक्ने नेतृत्वको खाँचो छ।', उहाँले भन्नुभयो। पोखरा ८ नेपाली काँग्रेसका लागि महत्वपूर्ण वडा भएको उल्लेख गर्दै मन्त्री थापाले नयाँ सदस्य बनाउनमा जोड दिनुपर्ने आवश्यकतालाई औंल्याउनुभएको छ।


**Embassy of India**
**Kathmandu, Nepal**

## VACANCY ANNOUNCEMENT

1. Ex- servicemen Contributory Health Scheme (ECHS ) is a Medical scheme launched by Govt of India to provide free medical treatment to the exservicemen pensioners and their dependents or Indian Armed Forces. Application are invited for the following posts. Employment will be on contractual basis without any pensionary benefits.

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1 | Safaiwala | ECHS Polyclinic Pokhara |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 15 Sep. 2021.

**For Pokhara**
**OIC ECHS Polyclinic, PPO**
**Embassy of India, Pokhara**
**Phone: 061-430232, 431477**
Email: oicpolypok.kathmandu@mea.gov.in







# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कपाललाई सुन्दर र स्वच्छ राख्न कस्ता कुरामा ध्यान दिने ?

डा कमल राज घिताल



'ओहो ! तिम्रो अगाडिको भागमा कपाल नै छैन त !' टाउको त तक्लु हुँदै गएछ।' भेट्ने बित्तिकै साथीहरूले हालखबर समेत नसोधी टाउकोमै नजर लगाउँदा कपाल झरेर तालु खाली भएका व्यक्तिको अनुहार पक्कै खुम्चिन्छन् । यस्तै समस्याबाट आजभोलि धेरै युवा पीडित छन् ।

'तिम्रो कपाल कति पालतो हुँदै गएछ। पहिला त राम्रो थियो।' कपालकै विषयलाई फोकस गरेर साथीहरूले कुराकानी सुरु गर्दा युवतीहरूको मन पनि खिन्न हुन्छ होला । त्यसैले पनि हेर्दा आकर्षक र सुन्दर कपाल होस् भन्ने चाहना महिला पुरुष दुवैमा हुन्छ । तर, कपाल झर्ने समस्याले कतिपय युवाहरूको तालु खाली हुँदै जान्छ। यस्तै युवतीहरू पनि कपाल टुक्रिने, झर्ने समस्याले चिन्तित भइरहेका हुन्छन्। चिकित्सा तथा प्रविधिको युगमा यस्ता समस्या सामान्य बन्दै गएका छन् ।

त्यसैले कपाल झर्ने समस्या छ भने अब चिन्तित भएर बस्नुभन्दा पनि कपाल झर्ने कारण पत्ता लगाई समयमै उपचार गराउनु बुद्धिमानी हुन्छ। कपाल झर्ने समस्यालाई मेडिकलको भाषामा एलोपेसिया भनिन्छ। जसरी शरीरमा कुनै रोग वा समस्या हुँदा ज्वरो आउँछ, त्यस्तै एलोपेसिया हुने पनि विभिन्न कारण हुन्छ।

एलोपेसिया भनेको रोग नभई रोगको एउटा लक्षण हो । कपाल झर्ने समस्या दुई प्रकारका हुन्छन्, जसलाई हामी जरा नै मरेको (स्कारिङ एलोपेसिया) र कपाल मात्र झरेको (ननस्कारिङ एलोपेसिया) भन्छौं ।

स्कारिङ एलोपेसिया भनेको कपाल उम्रने भागमा खत बस्नु वा जरा मर्नु हो । कुनै चोटपटक वा घाउ लाग्यो, आगो वा कुनै वस्तुले जल्यो भने कपालको जरा नै मर्छ। त्यसैलाई हामी स्कारिङ एलोपेसिया भन्छौं । ननस्कारिङ एलोपेसिया भनेको कुनै रोग वा कारणले कपाल झर्ने समस्या हो। यस्तो समस्या हुँदा कपाल झरेपनि कपालको जरा भने बाँकी रहन्छ। जस्तै थाइराइडको समस्या, रगतको कमी, आइरनको कमी, हेमोग्लोबिनको मात्रा कम भयो भने कपाल झर्ने समस्या हुन्छ। कपालसँग सम्बन्धित समस्याहरू अन्य रोगसँग पनि अन्तरसम्बन्धित हुन सक्छ । ननस्कारिङ एलोपेसिया हुनु भनेको शरीरको भित्री अंगहरूमा रोग वा स्वास्थ्यमा समस्या देखिएर हुने समस्या पनि हो। थाइराइडको समस्या, तनाव, मनोवैज्ञानिक समस्या, अनिद्राको समस्या, यौनरोग सिफिलिसलगायत रोग छ भने पनि कपाल झर्ने समस्या हुन्छ। त्यसैले कपाल झर्ने वा नपलाउने समस्या लिएर आएका व्यक्तिहरूमा हामीले पहिला कारण पत्ता लगाउछौं र सोही समस्याको आधारमा उपचार सुरु गर्छौं । कतिपय कपाल झर्ने समस्या सुरुमा ननस्कारिङ हुन्छ तर, समयमा उपचार नगर्दा उनीहरूको कपालको जरा पनि मर्न थाल्छ र स्कारिङ हुन्छ।

हामीले देखिरहेका हुन्छौं । धेरै युवाहरूको टाउकोमा अगाडिको भागमा कपाल झर्दै गएको हुन्छ तर पछाडिको भागमा भने कपाल हुन्छ। यो समस्या पनि सुरुमा ननस्कारिङ नै हुन्छ । तर, समयमा उपचार नगर्दा पछि जरा पनि मर्न थाल्छ र स्कारिङ हुन्छ। त्यस्तो अवस्थामा कपाल प्रत्यारोपण गर्नुबाहेक कुनै विकल्प रहँदैन ।

कपाल मानिसहरूको बाहिरी आवरण हो। कपाल आकर्षण र शारीरिक सौन्दर्यको एउटा अंग पनि हो। तर, कपालले स्वास्थ्यसँग सिधैं सम्बन्ध राख्दैन । कपाल सुन्दरताको लागि मात्रै आवश्यक पर्छ । कपाल झर्ने वा नउम्रने समस्याको उपचार आवश्यक छ वा छैन ? यो प्रश्न आउन सक्छ। वास्तविकता के हो भने कुनै पनि भित्री रोग वा समस्याले गर्दा कपाल झर्ने समस्या छ भने त्यसको उपचार गर्नै पर्छ। शरीरको बाहिरी आवरण आफ्नो ऐना पनि हो। भित्री शरीरमा समस्याका कारण कपाल झर्ने समस्या छ भने त्यो कारणको उपचार गर्दा कपाल झर्ने समस्या पनि आफै निवारण हुनसक्छ ।

कपाल नै झरेर स्वास्थ्यमा ठूलो हानी, नोक्सानी नै भने हुँदैन। तर, शारीरिक सौन्दर्य र आकर्षणको लागि कपाल झर्ने समस्याको पनि उपचार गर्नु राम्रो हुन्छ। कपाल झर्ने समस्याको उपचार गर्ने नगर्ने भन्ने कुरा व्यक्तिमा भर पर्ने कुरा हो। व्यक्तिले आफूलाई कपाल राम्रो र आकर्षक बनाउन चाहन्छ भने उपचार गराउन सक्छ । कमन रुपमा देखिने भनेको एन्ड्रोजेनेटिक एलोपेसिया अर्थात् पुरुषमा अगाडिको तालुको भागमा कपाल नहुने तर पछाडीको भागमा कपाल हुने समस्या हो। कपाल झऱ्यो भनेर आउने धेरै व्यक्ति यस्तै समस्या लिएर आइरहेका हुन्छन् । तर कुनै पनि रोगका कारण जस्तै थाइराइड, यौन रोग सिफिलिस लगायतका रोग छ भने पहिला ती रोगहरूको उपचार गर्नुपर्छ। त्यसैले कपाल झर्ने समस्याको उपचार कारण पत्ता लगाएर र कपाल झर्ने समस्या दुवैको उपचार गर्नुपर्ने हुन्छ। कपाल झर्ने समस्याको मात्र उपचार गर्दा कारणको उपचार हुँदैन । जसले गर्दा कपालको मात्र उपचार गरेर समस्या समाधान हुँदैन। कपाल झर्ने समस्याको उपचार तत्कालीन र दीर्घकालीन गरी दुई किसिमले गर्न सकिन्छ। तत्कालीन उपचार विधिमा मेनोक्सिल्ड भन्ने औषधि हुन्छ। यो औषधि लगाउन सकिन्छ वा (प्लेटलेट रिच प्लाज्मा (पिआरबी) भन्ने थेरापी गर्न सकिन्छ। कपाल झर्ने समस्या तत्काल रोक्न खाने औषधि पनि प्रयोग गर्न सकिन्छ। तर, यी विधि टेम्पोररी मात्र हुन्छ। किनकि, यो विधिमा नियमित औषधि उपचारमा रहँदासम्म कपाल झर्ने समस्या हुँदैन । तर, यो विधिलाई नियमित गर्न सकिएन भने फेरि कपाल झर्न थाल्छ। त्यसैले कपाल झर्ने समस्यामा टेम्पोररी उपचार विधिभन्दा पनि दीर्घकालीन उपचार विधि राम्रो हुन्छ। दीर्घकालीन उपचार विधिका लगि पछाडिको भागको कपालको रौं निकालेर कपाल नभएको भागमा प्रत्यारोपण गर्ने हो। यसलाई कपाल प्रत्यारोपण (हियर ट्रान्सप्लान्ट) भनिन्छ।

कपाल प्रत्यारोपणको दुईवटा विधि छ, जसलाई फोलिक्युलर युनिट ट्रान्सप्लान्ट ( एफयुटी) भनिन्छ। यसमा टाउकोको पछाडिको भाग अर्थात् अक्सिपिटरबाट स्टिप्ट छालाको भाग निकालिन्छ। त्यसमा कपाल हुन्छ। त्यो कपाललाई अगाडि कपाल नभएको भागमा राखिन्छ। कपाल निकालिएको पछाडिको भागमा टाका लगाइन्छ । यो पुरानो विधि हो । यो विधि अहिले धेरै प्रयोग हुँदैन । अहिले बढी प्रयोग भइरहेको टेक्नोलोजी भनेको फ्लोलिक्युलर युनिट एक्स्ट्रयाक्सन (एफयुइ) विधि हो । यो विधिमा अक्सिपिटरमा रहेको कपाललाई पञ्चको सहायताले एउटा एउटा कपाल झिक्ने र कपाल प्रत्यारोपण नभएको ठाउँमा रोप्ने गरिन्छ । कपाल प्रत्यारोपणमा सामान्यतया महिला तथा पुरुषको शरीरमा हुने एन्ड्रोजेन टेस्टोस्टेरोन हर्मोन हुन्छ। त्यही हर्मोनको कारण कपाल झर्ने समस्यामा चाहिँ कपाल प्रत्यारोपण गरिन्छ । यदि टाउकोको पछाडिको भागमा कपाल छ भने कपाल रोप्न सकिन्छ। त्यसका लागि कम्तिमा पनि पुरुषमा ४ हजार ४५ सय कपाल निकाल्न सक्ने कपाल पछाडिको भागमा हुनुपर्छ । यस्तै महिलाको लागि भने लामो कपाल हुने भएकाले पछाडिको भागको १५ सय २ हजार कपाल निकाल्न सम्भव छ भने अगाडिको भागमा प्रत्यारोपण गर्न सकिन्छ । यदि पछाडिको भागमा पनि कपाल नै छैन भने यसरी कपाल प्रत्यारोपण गर्न सम्भव हुँदैन ।

यदि शरीरमा कुनै रोग जस्तै अनियन्त्रित मधुमेहको समस्या हाइपोटेन्सन, उच्च रक्तचापको समस्या छ भने प्रत्यारोपण गर्न मिल्दैन । यस्तै टाउकोमा चक्काचक्का जस्तो गरी कपाल झरिरहेको छ भने पनि प्रत्यारोपण गर्न मिल्दैन। तर, कपाल प्रत्यारोपण हर्मोनको कारण कपाल गर्ने समस्या भएका व्यक्तिमा टाउकोको पछाडिको भागमा कपाल छ भने प्रत्यारोपण गर्न सकिन्छ।

कुनै पनि व्यक्तिले कपाल प्रत्यारोपण गर्नुअघि मधुमेह, हाइपोटेन्सन छ भने त्यो नियन्त्रित भएको हुनुपर्छ । यस्तै कपाल झर्ने समस्याको उपचारका लागि औषधि लगाइरहेका व्यक्तिले त्यो औषधि कपाल प्रत्यारोपण गर्नुभन्दा २ साताअघि नै औषधि उपचार बन्द गर्नुपर्छ। यस्तै नक्कली कपालहरू हालेका व्यक्तिले त्यो दुईचार दिन अघि नै निकाल्नुपर्छ । कपाल प्रत्यारोपण माइनर सर्जरी भएकाले धेरै जटिल भने हुँदैन । अहिले कपाल झर्ने समस्याका कारण कपाल प्रत्यारोपण गराउन २५ देखि ३५ वर्षका पुरुष बढी आउनुहुन्छ। महिला र पुरुषको तुलनामा पुरुषहरू बढी आउने गर्छन्। किनकि, यो एन्ड्रोजेनेटिक एलोपेसिया महिलाको तुलनामा पुरुषमा बढी हुने भएकाले महिला भन्दा पुरुषहरू बढी आउने गरेको पाइन्छ।

प्रत्यारोपण गरेको कपाल लामो समयसम्म सुरक्षित रहन्छ भन्नको लागि कपाल प्रत्यारोपण अघि नै सावधानी अपनाउनु पर्ने हुन्छ। कपाल प्रत्यारोपणका लागि टाउकोको पछाडिको भागमा हुने कपाल निकालेर प्रत्यारोपण गर्दा लामो समयसम्म रहन्छ। कुन ठाउँको कपाल बलियो छ भनेर विशेषज्ञहरूले हेरेर मात्र छुट्याउन सकिन्छ। त्यसैले कपाल प्रत्यारोपण गराउँदा तालिमप्राप्त विशेषज्ञसँग परामर्श लिएर गराउनुपर्छ। यदि सेफ जोनरजोनबाट कपाल निकालेर प्रत्यारोपण गरिएको छ भने त्यो कपाल १५ देखि २५ वर्षसम्म झर्ने समस्या हुँदैन ।

कपाल प्रत्यारोपण कार्य सेवा हो, सामग्री होइन। त्यसैले कपाल प्रत्यारोपण गराउने चिकित्सकको योग्यता र कपाल प्रत्यारोपण गर्दा आउने नतिजाको आधारमा यसको खर्च निर्धारण हुन्छ। कपाल प्रत्यारोपण क्लिनिक र डाक्टरको क्षमता, दक्षता अनुसार फरक-फरक रहेको पाइन्छ। सामान्यतया कति कपाल झरेको छ? कति कपाल प्रत्यारोपण गराउने? सोही अनुसार खर्च लाग्न सक्छ। काठमाडौंहरूमा प्रतिग्राफ्ट ५० देखि ६० रुपैयाँसम्म पर्छ। यसरी हेर्दा एउटा व्यक्तिले ३ हजार ४ हजार कपाल प्रत्यारोपण गराउनु छ भने २ लाख सम्म खर्च लाग्नसक्छ।

कपाल झर्ने समस्या आउँदै नदिन आन्तरिक रोग छ भने त्यसको समयमै उपचार गर्नुपर्छ । कपालमा साबुनको प्रयोग गर्ने, धेरै तातोपानीले नुहाउने, विभिन्न केमिकलहरू प्रयोग गर्ने, केराटिन गर्ने, स्प्रे गर्ने लगायत कृतिम विधिबाट कपाल राम्रो बनाउन गरिने अनावश्यक प्रोसिडरको कारण कपाल झर्ने समस्या हुन्छ। त्यसैले कपाल राम्रो बनाउने नाममा अनावश्यक कस्मेटिक ट्रिटमेन्ट गराउनु हुँदैन ।

यस्तै कपालमा साबुनको प्रयोग गर्नु हुँदैन, कपालको प्रकृति अनुसार स्याम्पुको प्रयोग गर्नुपर्छ। महिलाहरूको कपाल लामो छ भने कन्डिसनलको प्रयोग गर्दा कपाल राम्रो हुन्छ, तर पुरुषको कपाल छोटो हुने भएकाले कन्डिसनलको आवश्यकता पर्दैन । नेपालीहरूमा एउटा बानी छ, कुनै साथीले प्रयोग गरेको सामग्रीले साथीको कपाल राम्रो भयो भने अर्को व्यक्तिले पनि त्यही प्रयोग गर्ने। जुन, बानी गलत छ। किनकि, व्यक्ति अनुसार शरीर वा कपालको प्रकृति फरक हुन्छ। त्यसैले साथीलाई राम्रो नतिजा दिएको सामग्रीले आफ्नो कपालमा पनि राम्रो नतिजा दिन्छ भन्ने हुँदैन ।

त्यसैले विशेषज्ञलाई आफ्नो कपाल देखाएर कपाल अनुसार स्याम्पुको प्रयोग गर्नु राम्रो हुन्छ । कपाललाई जोगाइराख्न धेरै मुस्किल छैन । तर, जेनेटिक एलोपेसियाको समस्या, हर्मोनको कारण कपाल झर्ने समस्या छ भने मात्र उपचार नै गर्नुपर्ने हुन्छ। नियमित कपालको केयरमा ध्यान दिन सकियो भने कपाल झर्नबाट रोक्न सकिन्छ । कपाललाई सुन्दर र स्वच्छ राख्नको लागि स्याम्पु, कन्डिसनलको प्रयोग कपालको प्रकृतिअनुसार गर्नुपर्छ। कपालमा प्रयोग गर्ने सामग्रीहरू गुणस्तरीय हुनुपर्छ । कपाल स्वस्थ राख्न, पोषकतत्व भएको खाना खानुपर्छ, अनिद्राको समस्या आउन दिन हुँदैन। कपालमा जथाभावी स्प्रे गर्ने, स्टेट गर्ने, केराटिन टिटमेन्ट, हेयर ड्राइ गर्ने बानी हटाउनुपर्छ। सम्भव भएसम्म कपाललाई उपयुक्त हुने स्याम्पु नियमित प्रयोग गर्ने, केमिकलहरूको प्रयोग नगर्ने र नरिवलको तेल र भिटामिन इ क्याप्सुलले सातामा एक वा दुईपटक मसाज गर्दा कपाल लामो समयसम्म राम्रो रहन्छ।

(डा घिताल छाला तथा कपाल प्रत्यारोपण विशेषज्ञ हुन्) साभारः स्वास्थ्य खबर।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : मानसिक तनाब |
| कर्कट | : झमेला बड्ने | मकर | : कार्यमा सफलता |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : मन चञ्चल | मीन | : सहयोग मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# एमाले उपाध्यक्ष गौतमको राजीनामा

रासस
काठमाडौं, १८ भदौ



नेकपा(एमाले)का उपाध्यक्ष वामदेव गौतमले पार्टीको सबै जिम्मेवारीबाट राजीनामा दिनुभएको छ। पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई सम्बोधन गरिएको राजीनामा पत्र उपाध्यक्ष गौतमले आज पार्टी केन्द्रीय कार्यालय थापाथलीमा दर्ता गराउनु भएको छ ।

राजीनामापत्रमा उहाँले संविधान जारी भएपछि भएको पहिलो प्रतिनिधिसभाको निर्वाचन २०७४ मा एमाले र नेकपा(माओवादी केन्द्र)को साझा घोषणापत्रलाई कार्यान्वयन नगरेको तथा सरकारको कामलाई पटकपटक सर्वोच्च अदालतको संवैधानिक इजलासले असंवैधानिक भन्दै खारेज गरेपछि पनि सुधार गर्न नसकेको आरोप लगाउनुभएको छ । अध्यक्ष ओलीलाई सम्बोधन गरिएको पत्रमा भनिएको छ, 'म आफैं सङ्लग्न भएर निर्माण भएको नेकपा(एमाले) मा तपाईंकै गलत विचार, प्रवृत्ति र शैलीका कारण यस पार्टीमा रहिरहन असमर्थ भएकाले आजको मितिबाट पार्टीको उपाध्यक्ष पद र पार्टीको सबै जिम्मेवारीबाट राजीनामा दिएको छु ।' राजीनामापत्रमा जनताको बहुदलीय जनवाद र जननेता मदन भण्डारीका विचार र मान्यता संविधानको सर्वोच्चता र कानूनी राज्यको सिद्धान्तलाई पालना नभएको, कम्युनिस्ट पार्टीले जनताको जनादेशको आधारमा राज्यसत्ता सञ्चालन गर्नुपर्छ भन्ने मान्यताका विपरित जनताको अत्याधिक बहुमतलाई लत्याउँदै २०७५ पुस ५ र २०७८ जेठ ७ गते दुई दुई पटक संविधान विपरित जनताद्वारा निर्वाचित सदन भङ्ग गरिएको उल्लेख छ।

अध्यक्ष र प्रधानमन्त्री भएपछि पार्टीको राजनीतिक कार्यदिशा, विधान तथा पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता र सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी पालना नभएको आरोप लगाउँदै नेता गौतमले पार्टीलाई लोकप्रिय बनाउन सरकार गठनको एक वर्षपछि आफूले लिखित सुझाव दिएको बताउनुभएको छ । 'आफना समकक्षी कमरेडलाई एकपछि अर्को गरी अपमान गर्ने, कारवाही गर्ने र पार्टीबाट निष्काशनजस्ता स्वेच्छाचारी तथा निरंकुश प्रवृत्ति र शैली अँगाल्नुभयो, त्यतिमात्र होइन राष्ट्रपतिसमेतलाई आफना स्वेच्छाचारी तथा सर्वसत्तावादी नीति र निर्णय कार्यान्वयन गर्न दुरुपयोग गर्नुभयो', राजीनामा पत्रमा उल्लेख छ।

# बेनी-जोमसोम सडक मुआब्जा वितरण

पोखरापत्र संवाददाता
म्याग्दी, १८ भदौ

राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम सडकको क्षेत्राधिकारमा पर्ने संरचनाको क्षतिपूर्ति वितरण सुरु गरिएको छ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाले म्याग्दीको गलेश्वरबाट मुस्ताङको जोमसोम जोड्ने ७६ किलोमिटर दूरीको सडकको क्षेत्राधिकारमा पर्ने १७८ घर/गोठ र टहराको करिब रु आठ करोड क्षतिपूर्ति वितरण गर्न थालेको हो ।

आयोजनाको कार्यालयका प्रशासन प्रमुख नारायण पौडेलले ११ मिटर फराकिलो हुने स्तरोन्नतिका क्रममा रहेको सडकको क्षेत्राधिकारमा पर्ने स्थायी र अस्थायी संरचना पहिचान, नापजाँच र मूल्याङ्कन सकेर क्षतिपूर्ति वितरण सुरु गरेको बताउनुभयो । "मुस्ताङको जोमसोमस्थित कार्यालय र म्याग्दीको गलेश्वरममा रहेको सम्पर्क कार्यालयमा संरचनाका धनीबाट निवेदन सङ्कलन गर्ने व्यवस्था मिलाएका छौँ", उहाँले भन्नुभयो "सबै संरचनाको क्षतिपूर्ति दिन रु आठ करोड बजेट माग गरिएकामा पहिलो चरणमा रु तीन करोड आइसकेको छ।"

म्याग्दी र मुस्ताङका लागि रु एक करोड ५० लाखका दरले प्राप्त भएको बजेट वितरण गरेपछि दोस्रो चरणमा थप बजेट मागिने पौडेलले बताउनुभयो।

म्याग्दीमा ८० र मुस्ताङका ९८ घर, टहरा तथा गोठ हटाउन सम्बन्धित धनीलाई क्षतिपूर्ति उपलब्ध गराउन लागिएको आयोजनाका इञ्जीनियर आशिष मानन्धरले बताउनुभयो । बेनी–जोमसोम सडकको क्षेत्राधिकारभित्र पर्ने अस्थायी र स्थायी संरचना पहिचान गर्न सघन सहरी विकास तथा भवन डिभिजन कार्यालय बागलुङका इञ्जीनियरको नेतृत्वमा प्राविधिक टोलीले नापजाँच गरी क्षतिपूर्तिका लागि सिफारिस गरेको थियो । नापजाँच गरेको दुई वर्ष छ महिनापछि क्षतिपूर्ति उपलब्ध गराउन थालिएको हो । संरचनाको क्षतिपूर्ति उपलब्ध गराउन विसं २०७५ मा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा आयोजना, मालपोत र नापी कार्यालयका प्रतिनिधि रहेका दुई जिल्लाका फरक-फरक क्षतिपूर्ति निर्धारण समिति गठन गरिएको थियो । पछिल्लो व्यवस्थाअनुसार सम्बन्धितआयोजनाकार्यालयमार्फत सम्बन्धित संरचनाका धनीको बैंक खातामा रकम भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ।

चीनको सिमाना कोरलानाका जोड्ने सडकलाई दुई लेनको बनाउन विसं २०७४ मा सुरु भएको आयोजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको छ। बेनी-जोमसोमको ६५ प्रतिशत र ११० किलोमिटर दूरीको जोमसोम-कोरला सडकको ९० प्रतिशत प्रगति भएको आयोजनाका इञ्जीनियर आश्विनीकुमार यादवले बताउनुभयो । जोमसोम-कोरला सातमध्ये चार प्याकेज निर्माण सकिएको छ।

# पुल भत्कियो

पोखरापत्र संवाददाता
पोखरा, १८ भदौ

केही दिनयताको अत्यधिक वर्षका कारण पोखरा महानगरपालिका-३२ मालेपाटन र तनहुँको शुक्लागण्डकी नगरपालिका-१ सेराबेँसी जोड्ने झोलुङ्गे पुलको जग भत्किएको छ।

मालेपाटनतर्फको पुलको जग आज बिहान १०:३० बजे भत्किएको स्थानीय युवा बाबुराम मिश्रले जानकारी दिनुभयो। उहाँका अनुसार पुल भत्के पनि कुनै मानवीय क्षति भने भएको छैन । गत वर्षदेखि नै जोखिममा परेको पुललाई समयमा नै व्यवस्थापन तथा मर्मत नगर्दा यस वर्ष गत असार ३ गतेको बाढीले क्षति पुऱ्याएको र त्यसयता दिनानुदिन क्षति बढ्दै सेराबेँसी युवा क्लबका पूर्वअध्यक्ष एवं सेराबेँसी टोल विकास संस्थाका सचिव किशोर घिमिरेले बताउनुभयो । पुल भत्केसँगै आजदेखि कास्कीको मालेपाटनसहितका स्थलका साथै तनहुँको सेराबेँसी लगायतका स्थलका सर्वसाधारणको आवतजावत नै बन्द भएको बताउँदै उहाँले तत्काल अन्य वैकल्पिक व्यवस्थापनका लागि राज्यस्तरबाटै पहल हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

नौलो घुम्ती नेपालको प्राविधिक सहयोगमा विसं २०७४ मा निर्मित पुलको लम्बाइ एक सय १९ मिटर छ। कूल रु ४१ लाख २५ हजार पाँच सय २८ लागतमा बनेको पुल बर्सेनि फुस्रेखोलामा अविरल वर्षासँगै आएको बाढीले कटान गर्दै जाँदा अन्ततः संरक्षणकै अभावमा भत्कने अवस्थामा पुगेको स्थानीयवासीको भनाइ छ। कास्की पोखराको मालेपाटनका साथै तनहुँको शुक्लागण्डकीका सेराबेँसी, आरुस्वाँरा, सिम्ले, नयाँ गाउँ, थप्रेकलगायत स्थानका बासिन्दाका लागि पुल बरदान साबित भएको थियो।

## एउटै व्यक्ति भएको सूचना



तनहूँ जिल्ला साविक ढोरफिर्दी गाविस वडा नं. ९ हाल शुक्लागण्डकी नगरपालिका वडा नं. १० बस्ने भारतीय भू.पू. सै. नं. ५७४५०८३दर्जाहनेरीनायकसुवेदारपल्टन३/८जि.आर.का गोपि बहादुर थापाको श्रीमतीको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर सीता कुमारी थापा उल्लेख भएको तथा निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर मित्र कुमारी मगर्नी उल्लेख भई नामथर फरक परेतापनि व्यक्ति एउटै भएको भनि शुल्ला गण्डकी नगरपालिका–१० नं. वडा कार्यालयको च.नं. १०५९, मिति २०७४/०८/११ गतेको पत्रबाट सिफारिस भएको व्यहोरा जानकारी गराईन्छ।

# धार्मिक तथा पर्यटकीय क्षेत्र बन्दः होटल व्यवसायी मर्कामा

**–खेमराज गौतम**
**बागलुङ, १८ भदौ**

गण्डकी प्रदेशकै प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल कालिका मन्दिर गत चैत महिनादेखि बन्द छ।

कोरोना भाइरस सङ्क्रमणको दोस्रो लहर तीव्ररूपमा बढेपछि सो मन्दिर चैत महिनादेखि बन्द भएको हो । जिल्ला प्रशासन कार्यालय बागलुङले कोरोना भाइरस सङ्क्रमण बढ्दै जाँदा मठ मन्दिरमा नित्य कर्मबाहेकका गतिविधिमा रोक लगाएपछि विगत छ महिनादेखि कालिका मन्दिरको गेट खुल्ला हुन सकेको छैन । बागलुङको पर्यटन व्यवसायलाई चलायमान गराउने बागलुङ कालिकासँगै बागलुङ नगरपालिका-६ स्थित पञ्चकोट पनि बन्द छ । कोरोना भाइरस सङ्क्रमणको जोखिम बढ्नुअघि यहाँ दैनिक ५०० को हाराहारीमा आन्तरिक पर्यटक पुग्ने गरेका थिए । तर लामो समयसम्म पञ्चकोट बन्द हुँदा अहिले सो क्षेत्र सुनसान देखिएको छ । बागलुङमा पछिल्लो तीन वर्ष यता पर्यटकीय क्षेत्रको पहिचान, प्रचारप्रसार र पूर्वाधार निर्माण भए पनि कोरोना भाइरस सङ्क्रमणका कारण पर्यटन व्यवसाय सङ्कटमा पर्न थालेको छ। जिल्लाको गलकोट नगरपालिका-६ स्थित खुल्ला मूर्तिकला सङ्ग्रहालय पछिल्लो समय पर्यटकको आर्कषण केन्द्र बन्दै गइरहेको बेला बन्द हुँदा पुनः ठप्प बन्न पुग्छ । बागलुङका यस्ता दर्जनौ पर्यटकीयस्थल अहिले सुनसान छन् । कोरोना भाइरस सङ्क्रमणको जोखि कम हुँदै गएपछि अन्य क्षेत्र विस्तारै चलायमान हुन थालेको छ । तर बागलुङका पर्यटकीय गतिविधि ठप्प हुँदा यहाँका पर्यटन व्यवसायी समेत समस्यामा परेका छन् ।

जनतन खोल्न थालेका होटल व्यवसाय राम्रोसँग एक महिनासमेत खोल्न नपाउँदै पुनः बन्द भएका थिए । कोरोना भाइरस सङ्क्रमण दर बढ्दै गएको भन्दै जिल्ला प्रशासन कार्यालयले अत्यावश्यकबाहेकका सबै सेवा गत साउन २८ यता बन्द गरियो । फलस्वरुप चलायमान हुन थालेको धार्मिक तथा पर्यटकीय गन्तव्य एकाएक ठप्प भए । यही भदौ १० गतेदेखि बल्ल बागलुङमा केही सीमित प्रावधान बाहेकका गतिविधि खुल्ला गरे पनि धार्मिक तथा पर्यटकीय क्षेत्रमा भने निषेधाज्ञा कायमै रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

बागलुङका प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीका अनुसार धार्मिक तथा पर्यटकीय क्षेत्रमा भीडभाड हुने भएकाले कोरोना जोखिम हेरेर निषेधाज्ञा कायम गरिएको बताउनुभयो । उहाँले नित्यकर्मबाहेकका गतविधि धार्मिक क्षेत्रमा गर्न नपाइने जानकारी दिनुभयो । पर्यटकीय क्षेत्रमा चहलपहल नहुँदासम्म जिल्लाका होटल व्यवसाय खोल्नुको कुनै अर्थ नभएको होटल व्यवसायी ललिता थापाले जानकारी दिनुभयो । “काठमाडौं, पोखरा चितवनलगायतका स्थानबाट कालिका मन्दिर, पञ्चकोट, गलकोटको मुर्तिकला हेर्न नआएको धेरै भयो, जिल्लामा सार्वजनिक सभा समारोहसमेत सञ्चालनमा रोक छ, होटल मात्रै खोलेर के गर्नु ?”, उहाँले भन्नुभयो, “विश्वकै प्रसिद्ध पर्यटकीय गन्तव्य ढोरपाटन, मुस्ताङको मुक्तिनाथ जाने पर्यटकले सिजनमा राम्रो कमाइ गर्ने जिल्लाका होटल व्यवसाय पर्यटकको पर्खाइमा छन् ।” साउने सोमबारमा शिवालयमा भक्तजनको भीड लागेकै छ । कृष्ण जन्माष्टमीमा त्यस्तै भीड थियो तर कालिका मन्दिरसहित अन्य धार्मिक पर्यटकीयस्थलमा स्थानीय प्रशासनले पूजाआजा प्रवेशमा रोक लगाउँदा जिल्लाको पर्यटन व्यवसाय थला परेको जिल्ला पर्यटन विकास समिति बागलुङका अध्यक्ष राजु खड्काले जानकारी दिनुभयो। “अन्य भीडभाड हुने क्षेत्र खोलेकै छ तर स्वास्थ्य मापदण्डअनुसार पर्यटकीयस्थल खोल्न कसैले चासो दिएका छैनन्, होटल मात्रै खुलेर के हुन्छ र ? अन्य जिल्लामा जस्तै यहाँ पनि विस्तारै पर्यटकीय क्षेत्र चलायमान गराउन आवश्यक छ”, अध्यक्ष खड्काले भन्नुभयो, “पर्यटनको थुप्रै सम्भावना बोकेर जागरुक हुँदै आएको बागलुङमा कोरोनाले निकै समस्या पार्‍यो, अहिले कोरोना घटे पनि पर्यटकीय क्षेत्रमा लागेको निषेधाज्ञा हटाउन पर्दछ, स्वास्थ्य सचेतना जरुरत छ।”

पछिल्लो समय बेलढुङ्गा हाँडीकोट, मूर्तिकला, चमेरे गुफा, गाईघाट झरना र सहस्रधारा झरना पर्यटकको आर्कषण बन्न थालेको भए पनि कोरोनाको कारण समस्यामा परेका छन् । पछिल्लो समयमा बागलुङमा पर्यटकीय गतिविधि धेरै हुँदै आएका कारण पर्यटन क्षेत्र चलायमान हुँदै आएको र घरबाससमेत फस्टाउँदै गए पनि कोरोना भाइरस सङ्क्रमण पटक-पटक निषेधाज्ञा गर्दा भर्खर लगानी गरेका घरबासलाई नराम्रो असर गरेको बेलढुङ्गा सामुदायिक घरबासका सचिव गोपाल श्रीसले जानकारी दिनुभयो।

# बाढीपहिरोमा ११६ को मृत्यु

**रासस**
**काठमाडौं, १८ भदौ**

अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा गएको बाढी, पहिरो र डुबानमा परी गत जेठ ३० यता ११६ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ५३ पुरुष, ३४ महिला, १३ बालक र १६ बालिका रहेका प्रहरी प्रधान कार्यालयले जनाएको छ । रातिदेखिको भारी वर्षापछि पहिरोमा परेर पर्वतमा मात्रै शुक्रबार ११ जनाको ज्यान गएको छ।

बाढीपहिरो र डुबानमा परी उक्त अवधिमा १३६ जना घाइते भएका छन्। तीमध्ये ६८ पुरुष, ३७ महिला, २० बालक र ११ बालिका रहेका प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादु कुँवरले जानकारी दिनुभयो । बाढीपहिरोमा परी ४४ बेपत्ता भएका छन् । उनीहरूको खोजीकार्य जारी छ। बाढीपहिरोमा परेका एक हजार २८९ जनाको विभिन्न ठाउँबाट उद्दार गरी सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । बाढीको कारण तीन हजार १८२ घर डुबानमा परेका, ९७८ घर, १६४ गोठ, ६६ पुल, आठ विद्यालय र १५ सरकारी कार्यालयमा क्षति पुगेको छ। एक हजार ३०३ वटा पशु मरेका छन । सो अवधिमा भएका जम्मा एक हजार ३४५ विपद्का घटनाबाट एक हजार २६९ परिवारका छ हजार १११ मानिस विस्थापित भएका छन्।

उक्त घटनाबाट प्रभावित स्थानमा भएको क्षति न्यूनीकरण, उद्दार, जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कार्य जारी रहेको प्रहरीले जनाएको छ।



जोखिममा घरः अविरल बर्षाका कारण पोखरा महानगरपालिका-१३ चिसापानी मार्गमा पहिरोका कारण जोखिममा परेका घरहरु। तस्वीरः राधिका कँडेल, रासस

# कांग्रेसका वडाअधिवेशन ३५ जिल्लामा सम्पन्न

**रासस**
**काठमाडौं, १८ भदौ**

नेपाली कांग्रेसको आसन्न १४औँ महाधिवेशनअन्तर्गत आजदेखि प्रारम्भ भएको गाउँ/नगर वडाअधिवेशन ३५ जिल्लामा सम्पन्न भएको छ।

कांग्रेस क्रियाशील सदस्यता नामावली प्रकाशित भइसकेका ५६ जिल्लामध्ये ती जिल्लामा वडाअधिवेशन सम्पन्न भएको कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ । अधिकांश वडामा सर्वसम्मत केहीमा मतदानमार्फत वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन भएका छन् । अधिवेशन भएका वडाको मत परिणाम केन्द्रमा शनिबारसम्म आइपुग्ने समिति संयोजक महादेवप्रसाद यादवले राससलाई जानकारी दिनुभयो। ५६ जिल्लामध्ये अधिवेशन हुन बाँकी जिल्लामा वडाअधिवेशन शनिबारदेखि भदौ २३ गतेसम्म सम्पन्न हुने उहाँले बताउनुभयो। यस बाहेक क्रियाशील सदस्यता नामावली प्रकाशन हुन बाँकी २१ जिल्लाको नामावली भने क्रमशःप्रकाशित हुँदै जाने र यही भदौ २७ गते निर्धारित गाउँ/नगरपालिका अधिवेशनसम्म सबै वडाको अधिवेशन सम्पन्न हुने पार्टी कार्यालयले जनाएको छ।

करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडाअधिवेशनका मतदाता हुन् । क्रियाशील सदस्यले आफने वडाको वडासमिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्छन।वडाअधिवेशनले आफूमध्येबाट सभापति एक, उपसभापति दुई, सचिव दुई र सहसचिव दुईगरी सात पदाधिकारी निर्वाचित गर्ने कांग्रेसको विधानमा व्यवस्था छ । यसबाहेक वडाअधिवेशनमा मतदाता सङ्ख्याको अनुपातका आधारमा वडासदस्य र क्षेत्रीय प्रतिनिधि पनि निर्वाचित हुन्छन् । महाधिवेशनअन्तर्गत गाउँ/नगरवडाअधिवेशनआजभदौ१८ गते,गाउँ/नगरपालिकाअधिवेशनभदौ २७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकिएको छ । यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ।


**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

## भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. सं. १९७९/१२/१९ गते**

**स्वर्गारोहणः**
**वि. सं. २०७८/०५/०९ गते**

**स्वः सु. नर बहादुर गुरुङ**

कास्की जिल्ला मादी गाउँपालिका वाड नं.११ बराल डाँडा साविक घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३ भद्रकाली ‘ख’ टोल निवासी बराल डाँडा तमु समाज सेवा समिति पोखराका जेष्ठ सदस्य **सु. नर बहादुर गुरुङ** को ९९ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्त ब्ध भएका छौँ । आज उहाँको ११ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समबेदना व्यक्त गर्दछौं ।

**जुमप्रसाद गुरुङ**
**अध्यक्ष तथा**
**बराल डाँडा तमु समाज सेवा समिति परिवार**
**शितलादेवी-१२, पोखरा**

**मञ्जु गुरुङ**
**अध्यक्ष तथा**
**सम्पूर्ण बराल डाँडा चेलीबेटी परिवार**
**पोखरा**